






# CTEVT
# NEWS BULLETIN

२०८० वर्षः २१ अङ्कः १

## यस अङ्कका आकर्षण

- सम्पादकीय
- समाचार तथा गतिविधि
- महाशाखा गतिविधि
- प्रदेश गतिविधि
- परियोजना गतिविधि
- शिक्षालयको परिचय
- सफलताको कथा

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०४०८, ६६३०७६९, इमेलः research@ctevt.org.np, वेबसाइटः www.ctevt.org.np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीवनारायण काफ्ले

**सम्पादक मण्डल**

श्री भुवनेश्वर ढुङ्गाना

श्री एकराज अधिकारी

श्री सीमा कुमारी श्रेष्ठ

**कम्प्यूटर डिजाइन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५१, ६६३०४०८

इमेल : research@ctevt.org.np

वेबसाइट : www.ctevt.org.np

प्रकाशन मितिः २०८० श्रावण

# सम्पादकीय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले शैक्षिक सत्र २०८०/८१ का लागि प्रि-डिप्लोमा तह र डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न कार्यक्रमहरूमा प्रवेश परीक्षाको आवेदन खुल्ला गरेको छ । प्राविधिक शिक्षामा अध्ययन गर्न चाहने विद्यार्थीहरूले आफ्नो रुचीको विषय परिषद्का आङ्गिक, साझेदारी, टेक्स र निजी शिक्षालयमा अध्ययन गर्न सक्नेछन् । परिषद्ले पूर्ण शुल्कीयका साथै वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको समेत प्रवेश परीक्षाको आवेदन फाराम खुल्ला गरेको छ । परिषद्का हरेक स्वीकृत कार्यक्रममा १०% सिट छात्रवृत्तिको लागि छुट्याइएको हुन्छ । प्राविधिक शिक्षाका कार्यक्रमहरूमा समावेशी पहुँच सुनिश्चित गर्न महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, द्वन्द पीडित जस्ता सुविधावञ्चित समूहहरूलाई परिषद्ले निश्चित कोटाको समेत व्यवस्था गरेको छ । परिषद्ले सञ्चालन गर्ने प्रवेश परीक्षाबाट योग्यताक्रमानुसार छनोट भएका प्रशिक्षार्थीहरूले प्राविधिक शिक्षा अध्ययन गर्ने अवसर प्राप्त गर्ने छन् ।

वि.सं. २०४५ सालमा स्थापना भएको परिषद्बाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विविध कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन भइरहेका छन् । त्यस्ता कार्यक्रमहरूबाट हालसम्म उल्लेख्य संख्यामा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति तयार भइसकेका छन् । यसरी उत्पादित जनशक्तिले देश विकासमा उल्लेख्य योगदान गर्दै आइरहेको भएता पनि श्रम बजारको माग अनुसारको संख्यामा दक्ष जनशक्ति उत्पादन नभइरहेको अवस्था विद्यमान रहेको तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । यसबाट परिषद्ले एकातर्फ आफ्नो क्षमताको पूर्ण सदुपयोग हुने गरी प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ भने अर्को तर्फ बजारको मागलाई सम्बोधन हुने गरी नयाँ विषय क्षेत्रका कार्यक्रमहरू समेत सञ्चालन गर्नु पर्ने हुन्छ । यसलाई मध्यनजर गर्दै परिषद्ले केही नयाँ कार्यक्रमहरू जस्तै डिप्लोमा इन मेडिसिनल एण्ड एरोमेटिक्स प्लान्ट, डिप्लोमा इन एग्रिकल्चरल इञ्जिनियरिङ्ग, प्रि-डिप्लोमा इन टी टेक्नोलोजी लगायतका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

सीप सिकेको मान्छेले देशमा मात्र नभई विदेशमा समेत सहजै रोजगारी प्राप्त गर्दछ । त्यसैले त भनिन्छ "सीप हुन्छ हातमा, रोजगारी साथमा" । सीप सिकेको मान्छे आफ्नै व्यवसाय सञ्चालन गर्नका साथै अरूलाई रोजगारी दिन समेत समर्थ हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले व्यक्तिको आयआर्जनमा वृद्धि गरी उसको जीवनस्तरमा सुधार गर्न मद्दत गर्दछ । यसले बेरोगारी तथा गरिबीको दरलाई न्यूनीकरण गरी देशलाई समृद्ध बनाउन मद्दत गर्दछ । तसर्थ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई देश विकासको मेरुदण्डको रुपमा लिने गरिन्छ ।

राज्यले पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा जोड दिएको छ । नेपालको संविधान, आवधिक योजना, विभिन्न क्षेत्रगत नीतिहरू लगायतका कानुनी दस्तावेजहरूले प्राविधिक शिक्षालाई महत्व दिएको स्पष्ट हुन्छ । यति हुँदा हुदै पनि सबै विधाका प्राविधिक शिक्षामा अभिभावक तथा विद्यार्थीहरूको आकर्षण सन्तोषजनक नभएको अवस्था परिषद्का लागि समेत चुनौतीपूर्ण छ । यसलाई सम्बोधन गर्न परिषद्ले आफ्ना कार्यक्रमलाई अझ बढी सान्दर्भिक र गुणस्तरीय बनाउन पहल गरिरहेको छ । कतिपय अभिभावक तथा विद्यार्थीहरूलाई प्राविधिक शिक्षाको महत्व अझै पनि बुझाउन नसकिएको अवस्था समेत रहेको हुँदा परिषद्ले आफ्ना कार्यक्रमको उपयोगिता झल्कने गरी जनमानसमा प्रचारप्रसार गर्ने कार्यमा पनि जोड दिदैं आएको छ ।

अन्तमा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्बाट सम्पादन भएका विभिन्न कार्यक्रमहरूको बारेमा सरोकारवालाहरूलाई सुसूचित गराउने उद्देश्यका साथ त्रैमासिक सिटिइभिटी समाचार बुलेटिनको नयाँ अङ्क प्रकाशन गरेका छौं । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी समाचार तथा गतिविधि, शिक्षालयको परिचय, सफलताको कथा लगायतका विषयबस्तु समेटेर तयार गरिने सिटिइभिटी समाचार बुलेटिनलाई अझ बढी पठनीय र जानकारीमूलक बनाउन आम पाठक वर्गबाट रचनात्मक सुझाव तथा पृष्ठपोषणको अपेक्षा गर्दछौं । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सन्देशमूलक सामग्री तथा गतिविधिहरू नियमितरूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौं ।

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूबाट प्राविधिक प्रशिक्षण प्रतिष्ठानको अवलोकन भ्रमण

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईज्यूले मिति २०८०।१।१४ गते प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत रहेको प्राविधिक प्रशिक्षण प्रतिष्ठानको अवलोकन भ्रमण गर्नु भयो । माननीय मन्त्रीज्यूलाई प्रतिष्ठान सञ्चालक समितिका अध्यक्ष प्रा.डा. राजेन्द्र प्रसाद अधिकारी लगायत परिषद् एवं प्रतिष्ठानका कर्मचारीहरूबाट स्वागत गरिएको थियो । उक्त अवसरमा प्रतिष्ठानका कार्यकारी निर्देशक ई. महेश भट्टराईले प्रतिष्ठानले संचालन गर्ने तालिमहरूका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

उक्त अवसरमा बोल्दै माननीय मन्त्रीज्यूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् समयको आवश्यकताले जन्मिएको संस्था भएको र यो संस्थाको महत्व अहिलेको समयमा झनै बढेर गएको बताउनु भयो । परिषद्को ऐन बनाउने र पारित गर्ने समयमा आफूले सांसदको रुपमा भूमिका निर्वाह गर्ने अवसर पाएको समेत वहाँले स्मरण गर्नु भयो । माननीय मन्त्रीज्यूले विश्वविख्यात अंग्रेजी कवि Alfred Lord Tennyson द्वारा रचना गरिएको The Brook शीर्षकको कविताका निम्न पङ्क्ति उद्धरण गर्दै भन्नुभयोः

I chatter, chatter, as I flow,
To join the brimming river,
For men may come and men may go,
But I go on forever .

जसरी सानो खोला छङ्छङ् गर्दै बग्छ र ठूलो खोलामा मिसिन्छ, हामीले गर्ने काम सानो नै भए पनि देश विकासको ठूलो लक्ष्यमा टेवा पुऱ्याउने हुनु पर्दछ । जसरी खोलामा मान्छे आउछन् जान्छन् तर पनि खोला निरन्तर बगिरहन्छ, त्यसै गरी संस्थामा हामी आउछौ जान्छौ तर हाम्रो संस्था चीरकालसम्म रहिरहनु पर्दछ भन्ने आशयका साथ कार्य गर्न माननीय मन्त्रीज्यूले निर्देशन दिनु भयो । हामीले गर्ने कामले भावी पुस्तालाई अझ उन्नत बनाई सहज जीवनयापन गर्न मद्दत पुऱ्याउनु पर्ने कुरामा वहाँले जोड दिनुभयो । जीविकाका लागि शिक्षा नभएर जीवनका लागि शिक्षा हुनु पर्ने धारणा व्यक्त गर्नु हुदै माननीय मन्त्रीज्यूले सीपसँगै सदाचार तथा राष्ट्रप्रेम जस्ता मूल्य-मान्यताहरू प्रशिक्षार्थीहरूलाई सिकाउनु पर्ने आवश्यकता औंल्याउनु भयो ।

उक्त अवसरमा माननीय मन्त्रीज्यूलाई प्रतिष्ठानका कार्यकारी निर्देशकले शिक्षक दक्षता परीक्षण तथा प्रमाणीकरण तालिम ढाँचा (Teachers Assessment Certification Framework) र व्यावसायिक प्रशिक्षण मानक ढाँचा तथा प्राविधिक शिक्षक (प्रशिक्षक) दक्षता प्रमाणीकरण सम्बन्धी विनियमावली, २०७९ को मस्यौदा समेत उपलब्ध गराउनु भएको थियो । सोही अवसर पारेर माननीय मन्त्रीज्यूलाई प्रतिष्ठानका IT ल्याब, कक्षाकोठा तथा नवनिर्मित IT भवनको समेत अवलोकन गराउने कार्य सम्पन्न भयो ।



# शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्रीज्यूबाट परिषद् कार्यालयको अवलोकन भ्रमण

माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री प्रमिला कुमारीज्यूले मिति २०८०/०३/०७ गते प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सानोठिमी, भक्तपुरमा अवस्थित केन्द्रीय कार्यालयको अवलोकन भ्रमण गर्नु भयो । मिति २०८०/०२/१० गते शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्रीको रूपमा पदबहाली गरे पश्चात् माननीय राज्यमन्त्री श्री प्रमिला कुमारीज्यूको परिषद् कार्यालयमा यो पहिलो भ्रमण थियो । माननीय राज्यमन्त्रीज्यूलाई परिषद्का सदस्य-सचिव, निर्देशक तथा अन्य कर्मचारीहरूले स्वागत गर्नु भएको थियो ।

माननीय राज्यमन्त्रीज्यूको उपस्थितिमा छोटो परिचयात्मक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अवसरमा परिषद्का सदस्य-सचिव श्री जीवनारायण काफ्लेले परिषद् कार्यालयको गतिविधि, उपलब्धी, चुनौती तथा भावी योजना प्रस्तुत गर्नु भएको थियो । वि.सं. २०४५ सालमा परिषद्को स्थापना भए पश्चात विभिन्न विधामा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको कुरा जानकारी गराउनुहुदै सदस्य-सचिव काफ्लेले अबका दिनमा परिषद्ले प्राविधिक शिक्षामा पहुँच विस्तारका साथै सान्दर्भिकता र गुणस्तरियतामा विशेष जोड दिने बताउनु भयो । परिषद्ले सञ्चालन गर्ने छोटो अवधिको सीपमूलक तालिम कार्यक्रमहरू तथा लामो अवधिका कार्यक्रमहरू तर्फ १८ महिले प्रि-डिप्लोमा र ३ वर्षे डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूबाट वर्षेनी हजारौंको संख्यामा प्रशिक्षार्थीहरू लाभान्वित भइरहेको वहाँले बताउनु भयो । परिषद्का चुनौतीहरूको बारेमा चर्चा गर्दै सदस्य-सचिव काफ्लेले वि.सं. २०५२ सालमा १४ वटा शिक्षालयका लागि कायम गरिएको ९३२ दरबन्दीमा सीमित भई आजसम्म कार्य सम्पादन गर्नु परेको बताउनु भयो ।

माननीय राज्यमन्त्रीज्यूले आफ्नो मन्तव्यको क्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् स्वायत्त संस्था हो र हुनु पर्छ भन्ने कुरामा जोड दिनु भयो । मुलुकमा संघीयता लागू भएको धेरै समय भएता पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् २०४५ सालको ऐन अनुसार चल्नु परेको बाध्यता आफूले बुझेको बताउनुहुँदै वहाँले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रलाई सम्बोधन गर्ने गरी नयाँ ऐन ल्याउन सक्दो पहल गर्ने कुरा बताउनु भयो । नेपाल सरकारले मानव विकास सूचकाङ्कमा पछाडी परेका प्रदेशहरूलाई विशेष प्राथमिकता दिई विकासका कार्यक्रम सञ्चालन गर्ने नीति लिएको कुरा उल्लेख गर्दै माननीय राज्यमन्त्रीज्यूले परिषद्लाई पनि उक्त प्राथमिकता अनुसार हुने गरी कार्यक्रमहरू तय गर्न तथा सञ्चालन गर्न सुझाव दिनुभयो । समानुपातिक समावेशी सिद्धान्तको प्रयोगले मात्र राज्यमा पछाडी पारिएका वर्ग तथा समुदायलाई न्याय मिल्ने हुँदा वहाँले उक्त सिद्धान्तको परिपालनामा विशेष ध्यान दिन अनुरोध गर्नु भयो । माननीय राज्यमन्त्रीज्यूले परिषद्मा कार्यरत कर्मचारीको संख्यात्मक विवरण, बजेटको बाँडफाँडको अवस्था, परिषद्बाट सञ्चालित कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाको अवस्था तथा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले परिषद्को कार्यक्षेत्रमा पारेको प्रभाव सम्बन्धमा चासो व्यक्त गर्नु भएको थियो । कार्यक्रम पश्चात् माननीय राज्यमन्त्रीज्यूले परिषद् कार्यालयमा रहेका विभिन्न महाशाखाहरूबाट सेवाग्राहीलाई के कसरी सेवा प्रदान गरिएको छ भनी रुचीपूर्वक अवलोकन समेत गर्नु भएको थियो ।



# शैक्षिक सत्र २०८०/८१ का लागि पूर्ण शुल्कीय तथा छात्रवृत्ति तर्फ प्रवेश परीक्षाको आवेदन खुल्यो

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयले शैक्षिक सत्र २०८०/८१ का लागि प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न कार्यक्रममा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति र पूर्ण शुल्कीय तर्फ प्रवेश परीक्षाको आवेदन फाराम खुल्ला गरेको छ । परिषद् अन्तर्गत डिप्लोमा तथा प्रमाणपत्र तहमा स्वास्थ्य सम्बन्धी कार्यक्रम अध्ययन गर्न माध्यमिक शिक्षा परीक्षा (SEE) मा न्यूनतम स्तरीकृत अङ्क २.० र स्वास्थ्य बाहेकका अन्य कार्यक्रमको लागि एस.ई.ई. मा न्यूनतम स्तरीकृत अङ्क १.६ प्राप्त गरेको हुनुपर्नेछ । प्रि-डिप्लोमा तहका कार्यक्रमको लागि एस.ई.ई. का सम्पूर्ण विषयको परीक्षामा सामेल भई कम्तीमा ग्रेड सिट प्राप्त गरेको हुनु पर्नेछ ।

पूर्ण शुल्कीय तर्फ अध्ययन गर्न चाहने विद्यार्थीहरूले आफूले रोजेको शिक्षालयमा गई आवेदन फाराम भर्न सक्नेछन् । पूर्ण शुल्कमा डिप्लोमा तथा प्रमाणपत्र तहका लागि प्रवेश परीक्षा शुल्क रु. १,५०० र प्रि-डिप्लोमा तहका लागि रु. ५०० तोकिएको छ । पूर्ण शुल्कीय तर्फ डिप्लोमा तथा प्रमाणपत्र तह अन्तर्गत सामान्य चिकित्सा, फार्मेसी र नर्सिङ्ग कार्यक्रमको प्रवेश परीक्षा नियन्त्रण कार्यालयले तोकेको परीक्षा केन्द्रमा र उल्लेखित कार्यक्रम बाहेकका अन्य कार्यक्रमहरूको प्रवेश परीक्षा सम्बन्धित शिक्षालयमा नै हुने व्यवस्था गरिएको छ ।

वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सामुदायिक विद्यालयबाट एस्.एल्.सी./एस्.ई.ई. उत्तीर्ण गरेका वा परिषद्का आङ्गिक शिक्षालयबाट टी.एस्.एल्.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरेका विद्यार्थीहरूले मात्र आवेदन दिन पाउने छन् । यो छात्रवृत्तिका लागि न्यूनत्तम योग्यता पुगेका आवेदकहरूले Online बाट प्रवेश परीक्षा शुल्क बापत डिप्लोमा तथा प्रमाणपत्र तहका लागि रु. १,००० र प्रि-डिप्लोमा तहका लागि रु. ५०० बुझाई आफू अध्ययन गर्ने प्रदेश तथा परीक्षा केन्द्र हुने जिल्ला छनौट गरी शिक्षालयको प्राथमिकीकरण गरेर आफैंले Online Application Form भर्नु पर्नेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि परिषद्बाट सम्बन्धन स्वीकृति पाएका कार्यक्रमहरूमा १०% सिटहरू छुट्याइएको छ । प्रवेश परीक्षाको समय जम्मा १ घण्टा ३० मिनेट हुनेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको प्रवेश परीक्षा परीक्षा नियन्त्रण कार्यालयले तोकेको परीक्षा केन्द्रमा हुने व्यवस्था गरिएको छ । प्रवेश परीक्षामा परीक्षार्थीलाई Black Gel Pen को मात्र प्रयोग गर्न अनिवार्य गरिएको छ । छात्रवृत्ति छनौट आवेदन फाराम भरी प्रवेश परीक्षा दिएका परीक्षार्थीहरूको प्रादेशिक स्तरमा योग्यताक्रमानुसार प्रतिस्पर्धा हुनेछ ।

सम्बन्धित शिक्षण संस्थाले प्रशिक्षार्थी भर्ना गर्दा नै रजिष्ट्रेशनको फाराम भराउनु पर्ने छ । शिक्षालयहरूले भाद्र दोश्रो हप्तादेखि पठनपाठन शुरु गर्नु पर्ने र भर्ना तथा रजिष्ट्रेशन सम्बन्धी कार्य २०८० आश्विन मसान्त भित्र गरिसक्नु पर्नेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फको प्रवेश परीक्षाको मिति, समय लगायत अन्य विस्तृत जानकारी परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np बाट प्राप्त गर्न सकिने छ ।

# शिक्षालयले डिप्लोमा तहको डिजिटल मार्कलेजर प्राप्त गर्न सक्ने

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरले शिक्षालयहरूका लागि डिप्लोमा/प्रमाणपत्र तहको डिजिटल मार्क लेजर प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । सम्बन्धित शिक्षालयहरूले डिप्लोमा/प्रमाणपत्र तहको नतिजा प्रकाशन भएको भोलिपल्ट Integrated Training Management System (ITMS) मा Login गरी Record Menu मा Click गरी Diploma Ledger Print बाट कार्यक्रम अनुसारको Mark Ledger प्राप्त गर्न सक्ने छन् ।

यो व्यवस्था लागू हुनु भन्दा पहिला परीक्षा नियन्त्रण कार्यालयले नतिजा प्रकाशन गरे पश्चात् मार्क लेजरको हार्ड कपी परिषद्का प्रदेश कार्यालयमा पठाउने र सम्बन्धित शिक्षालयहरूले प्रदेश कार्यालयबाट मार्क लेजर बुझ्ने गर्दथे । कतिपय दूर दराजमा रहेका शिक्षालयमा हप्तौं दिन पछि मात्र मार्क लेजर पुग्ने गरेको अवस्था थियो । डिजिटल मार्क लेजर प्रिन्ट गर्न पाउने व्यवस्था भएसँगै शिक्षालयहरूले डिप्लोमा प्रमाणपत्र तहको नतिजाको विस्तृत विवरण तुरुन्तै पाउने भएका छन् । यसबाट एकातिर समयको बचत

भएको छ भने अर्कोतिर शिक्षालयहरूको प्रदेश कार्यालय आउँदा-जाँदा लाग्ने श्रोत-साधनको समेत बचत भएको छ । यसका अलाबा मार्क लेजर हराएको खण्डमा समेत शिक्षालयहरूले सजिलै डिजिटल कपी प्रिन्ट गर्न सक्ने सुविधा प्राप्त गरेका छन् । हाललाई यो व्यवस्था डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रममा मात्र लागू गरिएको भए ता पनि चाडै नै यो सुबिधा प्रि-डिप्लोमा तहका कार्यक्रमहरूका सन्दर्भमा पनि लागू गरिने व्यहोरा परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८० जेठ १६ गतेको सूचनामा उल्लेख गरिएको छ ।

# पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली स्वीकृत

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली, २०८० नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८०/०२/१८ गते स्वीकृत भई लागू भएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिमसँग सम्बन्धित पाठ्यक्रम निर्माण गर्न, स्वदेशी तथा विदेशी शिक्षण संस्थाबाट प्राप्त गरेको प्राविधिक तथा व्यावसायिक शिक्षाको उपाधिको स्तरलाई समकक्षता निर्धारण गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले यो विनियम बनाएको हो ।

जम्मा ११ परिच्छेद, ४० विनियम र ५ अनुसूचीहरू भएको यो विनियमले छोटो अवधिको सीपमूलक तालिम कार्यक्रम, प्रि-डिप्लोमा तहका कार्यक्रम र डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमको पाठ्यक्रम निर्माण एवं परिमार्जन गर्न मार्गदर्शन प्रदान गरेको छ । जसका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षज्यूको अध्यक्षतामा १३ सदस्यीय पाठ्यक्रम निर्धारण समितिको व्यवस्था गरिएको छ । पाठ्यक्रम निर्धारण प्रक्रियामा सहजीकरण तथा समन्वय गर्न प्राविधिक उपसमिति, विषय उपसमिति तथा मस्यौदा कार्यटोलीको समेत विनियममा व्यवस्था गरिएको छ ।

यो विनियमावलीको एउटा नयाँ विशेषताको रुपमा छोटो अवधिको सीपमूलक तालिम निर्माण प्रक्रियामा लचकता (flexibility) रहेको छ । यसमा व्यवस्था भए अनुसार छोटो अवधिको सीपमूलक तालिमको आवश्यकता पहिचान गरी सरकारी निकाय, तालिम प्रदायक संस्था, विकास साझेदार संगठन, उद्योग वा रोजगारदाताले परिषद्ले तोकेको मापदण्ड अनुसार हुने गरी पाठ्यक्रम निर्माण गर्न सक्ने व्यवस्था उल्लेख गरिएको छ । यसरी निर्माण गरिएको पाठ्यक्रम स्वीकृतिको लागि परिषद्मा पेश हुन आएमा आवश्यक प्रक्रियाको लागि सोझै प्राविधिक उपसमितिमा पेश गर्न सकिने व्यवस्था रहेको छ ।

यो विनियमले शैक्षिक हप्ता, कार्य दिन, पाठ्यभार तथा पाठ्य घण्टालाई समेत प्रष्ट्याएको छ । जसअनुसार छोटो अवधिको सीप विकास तालिम, प्रि-डिप्लोमा तह र डिप्लोमा तथा प्रमाणपत्र तहमा पठनपाठन सञ्चालनको लागि सामान्यतया ५० मिनेटको १ घण्टी हुने व्यवस्था गरिएको छ । त्यसै गरी प्रि-डिप्लोमा तहको १५ महिना शिक्षालयमा हुने पठनपाठनका लागि ४४ शैक्षिक हप्ता (२६४ कार्यदिन) हुने व्यवस्था गरिएको छ । डिप्लोमा तथा प्रमाणपत्र तह तर्फ सेमेष्टर प्रणालीको पाठ्यक्रममा एक सेमेष्टरमा १५ शैक्षिक हप्ता (९० कार्यदिन) र वार्षिक प्रणालीको पाठ्यक्रममा ३५ शैक्षिक हप्ता (२१० कार्यदिन) नियमित पठनपाठन र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुनुपर्नेछ । यो विनियममा ग्रेड निर्धारण र अक्षराङ्कन पद्धति सम्बन्धी समेत व्यवस्था गरिएको छ । जसमा प्रशिक्षार्थीको प्राप्ताङ्कलाई A+, A, B+, B, C+, C, D र NG गरी ८ वटा ग्रेडमा छुट्याउने प्रावधान राखिएको छ । न्यूनतम उत्तीर्णाङ्क D विषयगत ग्रेडसम्म हुने भएकाले उक्त D ग्रेड भन्दा कम ग्रेड प्राप्त गर्ने प्रशिक्षार्थीले उक्त विषयको पुनः परीक्षा दिन सक्ने व्यवस्था गरिएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित स्वदेशी तथा विदेशी शिक्षण संस्थाबाट प्राप्त गरेको डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तह वा सो सरहको समकक्षता परिषद्ले निर्धारण गर्ने व्यवस्था गरिएको छ । समकक्षता निर्धारण गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षज्यूको अध्यक्षतामा ९ सदस्यीय समितिको समेत व्यवस्था गरिएको छ । यो विनियममा समकक्षता सम्बन्धी शुल्कमा समेत परिमार्जन गरिएको छ जसअनुसार नेपालका शैक्षिक संस्थाबाट जारी प्रमाणपत्रको लागि रु. ५०० ।- र विदेशी शैक्षिक संस्थाबाट जारी प्रमाणपत्रको लागि रु. २,५०० ।- कायम गरिएको छ ।

# कोरिया नेपाल बहुप्राविधिक शिक्षालयका प्रशिक्षार्थीले बनाए दुना टपरी बनाउने मेशिन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आङ्गिक संस्था कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवल १२, तामनगर, रुपन्देहीमा उद्यमशीलता विकासका लागि प्रयोगात्मक अभ्यास मार्फत वस्तु र सेवा उत्पादन गर्न स्थापित उत्पादन इकाईद्वारा स्वचालित दुना टपरी बनाउने मेशिन उत्पादन गरी बिक्री गरिएको छ । शिक्षालयमा सञ्चालित डिप्लोमा इन मेकानिकल इञ्जिनियरिङ्ग कार्यक्रममा शैक्षिक सत्र २०७६/७७ मा भर्ना भएका ७ जना विद्यार्थीले पाँचौं र छैठौं सेमेष्टरमा रहेको प्रोजेक्ट कार्य अन्तर्गत पात र कागज (Aluminum Foil) को दुना टपरी बनाउने म्यानुअल मेशिन बनाएका थिए । वि.सं.२०७९ पौष महिनामा बुटवलमा सञ्चालित १५ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव २०७९ मा उक्त मेशिनलाई पनि राखिए पछि मेला अवलोकन गर्ने हजारौं जनाले उक्त मेशिनको अवलोकन गरी जानकारी लिनुभएको थियो ।

पछि ती विद्यार्थी र मेकानिकल इञ्जिनियरिङ्ग विभागका प्रशिक्षकहरूले थप अध्ययन र अनुसन्धान गरेर उक्त मेशिनलाई परिष्कृत गरी हाइड्रोलिक प्रणालीमा काम गर्ने स्वचालित दुना टपरी बनाउने मेशिन बनाए । यसै सिलसिलामा माथागढी गाउँपालिका, पाल्पाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा रहेको नवप्रवर्तन साझेदारी कोष कार्यक्रम अन्तर्गत व्यावसायिक दुना टपरी उद्यम प्रविधि हस्तान्तरण कार्यक्रम कार्यान्वयनको लागि शिक्षालयसँग तीनवटा त्यस्ता स्वचालित मेशिन माग गरेको थियो । तत्पश्चात् शिक्षालयमा मेकानिकल इञ्जिनियरिङ्ग विभागमा डिप्लोमा तहमा अध्ययन गरेका ७ जना विद्यार्थी र प्रशिक्षकहरूले १ महिनामा तीनवटा मेशिन निर्माण गरेका थिए । यसै क्रममा मिति २०८० जेठ १९ मा शिक्षालयमा आयोजना गरिएको एक कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका पूर्व मन्त्री एवं लुम्बिनी प्रदेश सभाका सदस्य माननीय श्री भोज प्रसाद श्रेष्ठले ती मेशिनहरू माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदीलाई हस्तान्तरण गर्नु भएको थियो ।



# कर्णाली प्राविधिक शिक्षालयका प्रशिक्षार्थीहरूद्वारा स्वास्थ्य शिविर सञ्चालन

परिषद् अन्तर्गत सबैभन्दा पुरानो आङ्गिक शिक्षालयको रुपमा रहेको कर्णाली प्राविधिक शिक्षालय, जुम्लामा प्रविणता प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रम अन्तर्गत दोश्रो वर्ष र डिप्लोमा इन फार्मेसी कार्यक्रम अन्तर्गत तेश्रो वर्षमा अध्ययनरत प्रशिक्षार्थीहरूले ३ दिने स्वास्थ्य शिविर सञ्चालन गरेका छन् । उक्त शिविर मिति २०८० आषाढ ८ गतेदेखि १० गतेसम्म शिक्षालय परिसरमा सञ्चालन गरिएको थियो । यो कार्यक्रमको मुख्य उद्देश्य पाठ्यक्रममा तोकिएको प्रयोगात्मक अभ्यासलाई पूरा गर्ने र वास्तविक कार्यस्थलमा गई विभिन्न व्यक्ति तथा निकायसँग समन्वय गरी सेवा प्रदान गर्न प्रशिक्षार्थी आफू स्वयंलाई तयार गर्नु रहेको थियो । उक्त शिविरमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाका ल्याब टेक्निसियन र सम्बन्धित विषयका प्रशिक्षकहरूको सहयोगमा शिक्षालयमा अध्ययनरत प्रशिक्षार्थी, प्रशिक्षक तथा कर्मचारी र स्थानीय बासिन्दाहरूको रक्त समूहको जाँच तथा ब्लड प्रेसर जाँच गर्ने कार्य गरिएको थियो । साथै उक्त शिविरका सेवाग्राहीहरूलाई स्वास्थ सम्बन्धी परामर्श दिनुका साथै केही औषधी समेत निःशुल्क वितरण गरिएको थियो । यो शिविरमा जम्मा ४७३ जनाले सेवा लिनु भएको थियो । उक्त शिविरका सेवाग्राहीहरूको रगत समूहको विवरण Online राखी आवश्यक परेको बखत शिक्षालय प्रशासनसँग सम्पर्क गरी सम्बन्धित व्यक्तिको मञ्जुरी भएमा उपलब्ध गराउन सहजीकरण गर्ने व्यवस्था गरिएको छ ।




## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय सम्बन्धी नियमित स्तम्भ प्रकाशन हुँदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरू र प्राविधिक शिक्षालयको संक्षिप्त परिचय झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# नीति निर्माण तथा योजना महाशाखा

आर्थिक वर्ष २०८०/८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को तर्फबाट परिषद् संरचना मार्फत विभिन्न क्रियाकलाप सञ्चालनका लागि रु ५ अर्ब ८८ करोड ५२ लाख रकम सहितको कार्यक्रम बजेट मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएको छ । उल्लेखित रकमको कार्यक्रम बजेटको कार्यान्वयनका लागि परिषद् केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना, इन्स्योर परियोजना, क्वालिटी परियोजना, सात वटा प्रदेश कार्यालयहरू र ६५ वटा आङ्गिक शिक्षालयहरू परिचालित हुनेछन् ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सङ्घीय संसदमा मिति २०८० जेठ ५ गते नेपाल सरकारको तर्फबाट पेश गर्नुभएको नीति तथा कार्यक्रमबाट दिशानिर्देश भई परिषद् कार्यालयले आगामी आर्थिक वर्षको कार्यक्रम बजेट तयार गरेको छ। नेपाल सरकारका माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपाल सरकारको तर्फबाट सङ्घीय संसदमा प्रस्तुत गर्नुभएको बजेट वक्तव्यमा परिषद् सम्बन्धी सवालमा देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिनेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गरिनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई सीप परीक्षण, प्राविधिक शिक्षाको पाठ्यक्रम विकास, गुणस्तर र मापदण्ड निर्धारणका कार्यमा केन्द्रित गरिनेछ ।
- स्वदेश तथा विदेशमा सीप सिकेको स्वघोषणा गरेको आधारमा सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ । प्राविधिक प्रशिक्षकहरूको दक्षता अभिवृद्धिका लागि प्राविधिक प्रशिक्षक अनुमतिपत्र प्रणाली कार्यान्वयनमा ल्याइनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् मार्फत पचास हजार जनाको सीप परीक्षण गरी प्रमाणीकरण गरिनेछ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत नेपाल सरकार र वैदेशिक स्रोततर्फ तहगत रुपमा आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा भएको बजेटको विभाजन (रकम रु. लाखमा) देहाय अनुसार रहेको छ।

| तह | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|
| सङ्घीय तह | १३०१४ | १४०८८ | |
| प्रदेश तह | ४४२८७ | ३७६३४ | |
| स्थानीय तह | १६८५ | ७१३० | |
| जम्मा | ५८९८६ | ५८८५२ | |

आ.व. २०८०/८१ का लागि स्वीकृत परिषद्को बजेट तथा कार्यक्रमका प्रमुख विशेषताहरूः

- कर्मचारीहरूको तलब भत्ता र उपदान बापतको रकम नेपाल सरकार स्रोतमा विनियोजन भएको ।
- प्रदेश तहबाट सम्पादन गरिने छोटो अवधिको सीपमूलक तालिम कार्यक्रमलाई आङ्गिक शिक्षालय रहेको स्थानीय तहको कार्यक्रम बजेटमा समावेश गरिएको ।
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालित कार्यक्रमको सञ्चालन अनुदानलाई स्थानीय तहको कार्यक्रममा समावेश गरिएको ।

# पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले आ.व. २०७९/८० मा देहाय बमोजिमका पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन गरेको छ ।

| क्र.सं. | पाठ्यक्रमको नाम | कार्यक्रमको अवधि | कार्य | कैफियत |
|---|---|---|---|---|
| १. | Pre–diploma in Tea Plantation and Processing (Apprenticeship Model) | २ वर्ष | निर्माण | |
| २. | Professional Accountant | १६९६ घण्टा | निर्माण | |
| ३. | Professional Wood Carver | १६९६ घण्टा | निर्माण | |
| ४. | Pipe Fitter | १६० घण्टा | निर्माण | |
| ५. | Diploma in Food and Dairy Technology | ३ वर्ष | परिमार्जन | |

| | | | | |
|---|---|---|---|---|
| ६. | Diploma in Biomedical Engineering | ३ वर्ष | परिमार्जन | |
| ७. | Pre–diploma in Electronics Engineering | १८ महिना | परिमार्जन | |
| ८. | Pre–diploma in Electrical Engineering (Apprenticeship Model) | २ वर्ष | परिमार्जन | |
| ९. | Pre–diploma in Mechanical Engineering (Apprenticeship Model) | २ वर्ष | परिमार्जन | |
| १०. | Professional Cook | १६९६ घण्टा | परिमार्जन | |
| ११. | Professional Welder | १६९६ घण्टा | परिमार्जन | |
| १२. | Professional Plumber | १६९६ घण्टा | परिमार्जन | |
| १३. | Care Giver | ३९० घण्टा | परिमार्जन | |
| १४. | Ref. and A/C Technician | ३९० घण्टा | परिमार्जन | |

यससँगै पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाबाट आ.व. २०७९/८० सम्ममा डिप्लोमा तथा प्रमाणपत्र तहमा ४९ वटा, प्रि-डिप्लोमा तहमा २६ वटा, प्रि-डिप्लोमा (एप्रेन्टिसिप) तर्फ ८ वटा, प्रोफेशनल कोर्ष तर्फ १५ वटा र छोटो अवधिको तालिमका ४६२ वटा पाठ्यक्रम गरी जम्मा ३६० वटा पाठ्यक्रमहरू निर्माण भएका छन् ।

त्यसै गरी पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाबाट आ.व. २०७९/८० मा स्वदेशमा अध्ययन गरेका ४,६३९ जना र विदेशमा अध्ययन गरेका १,४८१ जनाले समकक्षता प्राप्त गरेका थिए । महाशाखाले २०८० असार मसान्तसम्म स्वदेशमा अध्ययन गरेका १५,५०७ जनालाई र विदेशमा अध्ययन गरेका ४,९८६ जनालाई गरी जम्मा २०,४९३ जनालाई समकक्षता प्रदान गरिसकेको छ । महाशाखाले सेवाग्राहीलाई छिटो छरितो ढंगले सेवा प्रदान गर्न समकक्षता सम्बन्धी अनलाइन प्रणालीको विकास गरी कार्यान्वयनको तयारी गरिरहेको छ ।

## प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम क्षेत्रमा कार्यरत प्रशिक्षक, कर्मचारी तथा व्यवस्थापकहरूको क्षमता विकासका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट वृत्ति विकाससँग सम्बन्धित विभिन्न तालिमहरु संचालन हुँदै आइरहेको छ । यस प्रतिष्ठानले आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिक अवधिमा कर्मचारी वृत्ति विकास प्रशिक्षणमा ९९५ जना, व्यवस्थापनमा २२० जना, OSU मा १५ जना र बि.टेक.एड.मा ९ जना गरी जम्मा १,२३९ जनालाई तालिम प्रदान गरेको छ। प्रतिष्ठानले आ.व. २०७९/८० मा २,५०७ जनालाई तालिम प्रदान गरेको छ ।

प्राविधिक प्रशिक्षण प्रतिष्ठानको आयोजनामा मिति २०८०/०२/०९ गते माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको प्रमुख आतिथ्यमा परिषद्का उपाध्यक्ष, मन्त्रालयका सचिव श्री रामकृष्ण सुवेदी र विभिन्न महाशाखाका प्रमुखहरू (सह-सचिव) तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठान संचालक समितिका अध्यक्ष प्रा.डा. राजेन्द्र प्रसाद अधिकारी र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का निर्देशकहरूको उपस्थितिमा मन्त्रालयको हलमा शिक्षक दक्षता परीक्षण तथा प्रमाणीकरण तालिम ढाँचा (Teachers Assessment Certification Framework) र व्यावसायिक प्रशिक्षण मानक ढाँचा (Vocational Teachers Standard Framework) को मस्यौदा माथि राय सुझावका लागि अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा माननीय मन्त्रीज्यूले अन्तरक्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव संकलन गर्न र आगामी परिषद् बैठकबाट विज्ञ समिति गठन गरी मस्यौदामा भएका कमी कमजोरी हटाई प्राविधिक प्रशिक्षक दक्षता प्रमाणपत्र सम्बन्धी कार्यहरु तत्काल गर्न निर्देशन समेत दिनु भएको थियो ।

प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा मिति २०८०/०३/०८ गते दक्षिण कोरिया दुतावासका Councilor Mr. Kang Seong Ho र KOICA Nepal का प्रतिनिधिहरूसँग प्रतिष्ठान संचालक समितिका अध्यक्ष प्रा.डा. राजेन्द्र प्रसाद अधिकारी, प्रतिष्ठानका कार्यकारी निर्देशक ई. महेश भट्टराई तथा अन्य पदाधिकारीहरूबीच e–learning Training तथा Capacity Building Training सम्बन्धी अन्तरक्रिया भएको थियो। प्रतिष्ठान संचालक समितिका अध्यक्ष प्रा.डा. राजेन्द्र प्रसाद अधिकारीले प्रतिष्ठानका गतिविधिहरूका बारेमा जानकारी गराउनु भएको थियो । वहाँले प्रतिष्ठानलाई e–learning hub र IT building बनाउन सहयोग गरेकोमा KOICA लाई विशेष धन्यवाद दिदैं प्रतिष्ठानलाई भविष्यमा पनि यस्तै प्रकारका सहयोगको निरन्तरताका लागि अनुरोध गर्नु भयो । KOICA का पदाधिकारीहरूबाट IT Building र त्यसमा संचालन हुने e–learning सम्बन्धी तालिमका बारेमा जिज्ञासा राख्नुका साथै KOICA बाट प्राप्त Lab तथा OSU उपकरणहरू प्रयोग भए नभएको समेत अवलोकन गर्नु भएको थियो । वहाँहरूले KOICA Project 2019 मार्फत प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट क्षमता अभिवृद्धिका लागि दक्षिण कोरिया भ्रमणमा जानु भएका प्रशिक्षकहरूसँग पनि अन्तरक्रिया गर्नु भएको थियो ।

# कर्णाली प्रदेश कार्यालय

## शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत र कर्णाली प्राविधिक शिक्षालय, जुम्लाद्वारा नेपालकै पहिलो प्राविधिक शिक्षालय कर्णाली प्राविधिक शिक्षालय, जुम्लाको शिक्षण प्रशिक्षण गर्ने भवन, प्रशासनिक भवन, छात्रावास, पुस्तकालय लगायतका पूर्वाधारहरूको मर्मत सम्भार र विस्तार गरी शैक्षिक गुणस्तर सुधार गर्न कर्णाली प्रदेशका सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री श्री खड्गबहादुर पोखरेलज्यूको अध्यक्षता र प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री श्री बेदराज सिंहज्यूको प्रमुख आतिथ्यमा कर्णाली प्रदेश सभाका सदस्यज्यूहरू र प्रदेश योजना आयोगका उपाध्यक्ष श्री योगेन्द्रबहादुर शाहीको उपस्थितिमा मिति २०८०/०२/११ गते वीरेन्द्रनगर, सुर्खेतमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका मा.मन्त्री श्री खड्गबहादुर पोखरेलज्यूले कर्णाली प्रदेशकै धरोहरको रूपमा रहेको कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नति गर्नु बाञ्छनीय रहेको बताउनु भयो। कार्यालयका प्रमुख अतिथि आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री श्री बेदराज सिंहज्यूले कर्णाली प्राविधिक शिक्षालयको शैक्षिक गुणस्तर बढाउन सकेसम्म बढी बजेट विनियोजन गरिने बताउनु भयो। कर्णाली प्रदेश, योजना आयोगका उपाध्यक्षज्यूले कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नतीको लागि योजना सहित प्रस्ताव पेश गर्न आग्रह गर्नु भयो। त्यस्तै गरी कर्णाली प्रदेशका विभिन्न राजनीतिक दलका प्रमुख सचेतक र अन्य माननीय सदस्यज्यूहरूले कर्णाली प्राविधिक शिक्षालयका लागि बजेट विनियोजन गरी शिक्षालयलाई समय सापेक्ष गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सहयोग पुऱ्याउने तथा उत्पादित प्राविधिक जनशक्तिले कर्णाली प्रदेशको उत्पादकत्वमा वृद्धि गरी आर्थिक विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नु भएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्यका साथै सहभागी प्रदेशसभा सदस्य तथा अन्य माननीयज्यूहरू र पत्रकारहरूबाट सोधिएका प्रश्नको जवाफ परिषद् कर्णाली प्रदेश कार्यालयका निर्देशक श्री हेमन्त पराजुलीले दिनु भएको थियो। उक्त कार्यक्रममा कर्णाली प्राविधिक शिक्षालयको वृत्तचित्र देखाइएको थियो भने कर्णाली प्राविधिक शिक्षालयको गतिविधि सम्बन्धी प्रस्तुतीकरण शिक्षालय प्रमुख श्री टेकेन्द्रबहादुर थापाले गर्नु भएको थियो। कार्यक्रमको संचालन कर्णाली प्रदेश कार्यालयका प्राविधिक अधिकृत श्री प्रेमप्रसाद बास्कोटाले गर्नु भएको थियो।



## ITMS, परीक्षा व्यवस्थापन र पाठ्यक्रम सम्बन्धी तालिम सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरद्वारा कर्णाली प्रदेश अन्तर्गत रहेका आङ्गिक, साझेदारी, टेक्स र निजी शिक्षालय/विद्यालयहरूका लागि Integrated Training Management System (ITMS), पाठ्यक्रम र  परीक्षा सञ्चालन सम्बन्धी जानकारी दिने उद्देश्यले मिति २०८०/०१/२१ र २२ गते वीरेन्द्रनगर, सुर्खेतमा तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा कर्णाली प्रदेश भित्र रहेका शिक्षालयहरूले सामना गरिरहेका परीक्षा तथा पाठ्यक्रम सम्बन्धी समस्याहरूका बारेमा वृहत् छलफल गरिएको थियो । उक्त तालिम कार्यक्रमको समापन कार्यक्रममा परिषद् कर्णाली प्रदेश कार्यालयका निर्देशक श्री हेमन्त पराजुलीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर प्रति आभार व्यक्त गर्दै परीक्षा पद्धतिलाई समय सापेक्ष Digitalization गर्दै जानु पर्ने आवश्यकता औंल्याउनु भयो । वहाँले Digitalization बाट परीक्षा सञ्चालन प्रणालीलाई सुरक्षित तथा व्यवस्थित बनाउन मद्दत पुग्नाको साथै खर्चमा मितव्ययिता भई नतिजा प्रकाशन समेत छिटो हुने विश्वास व्यक्त गर्नु भएको थियो ।

## सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम सम्पन्न

कर्णाली प्रदेशमा विभिन्न विषय/कार्यक्रममा सीप परीक्षण गर्नु पर्ने तर सीप परीक्षण मूल्याङ्कनकर्ताको संख्या अत्यन्त न्यून रहेको अवस्थामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्णाली प्रदेश कार्यालयको अनुरोधमा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना, सानोठिमी, भक्तपुरको आर्थिक सहयोगमा कर्णाली प्रदेश भित्र सञ्चालन गरिने विभिन्न पेशा/व्यवसायको सीप परीक्षण कार्यलाई चुस्त र समयमा नै सम्पन्न गर्न कर्णाली प्रदेश भित्र कार्यरत प्राविधिकहरूलाई लक्षित गरी प्राविधिक प्रशिक्षण प्रतिष्ठानद्वारा ५ दिने सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम सम्पन्न भएको छ । उक्त तालिम मिति २०८०/०२/१६ गतेदेखि २० गतेसम्म वीरेन्द्रनगर, सुर्खेतमा सञ्चालन भएको थियो । उक्त तालिमको समापन समारोहलाई सम्बोधन गर्दै परीषद् कर्णाली प्रदेश कार्यालय, सुर्खेतका निर्देशक श्री हेमन्त पराजुलीले प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र नेपाल व्यावसायिक योग्यता प्रणालीप्रति आभार व्यक्त गर्दै तालिमले कर्णाली प्रदेशमा रहेका फरक-फरक विधाका प्राविधिक विज्ञहरूलाई सीप परीक्षण मूल्याङ्कन गर्ने अनुमति-पत्र प्राप्त गर्ने सुअवसर मिलेको बताउनु भयो । उक्त तालिममा विभिन्न विधाका २० जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो ।



# नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना

## वैदेशिक रोजगारीबाट फर्केका युवाहरूसँग पूर्व सिकाइको मान्यताबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको सुदूरपश्चिम प्रदेशमा रहेको सहयोग इकाईले रोजगारीको सिलसिलामा विदेशमा काम गरेर स्वदेश फर्केका युवाहरूसँग राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली र पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning – RPL) विधिबाट सीप परीक्षण बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । प्रदेश युवा परिषद्, धनगढीले आयोजना गरेको वैदेशिक रोजगारीबाट फर्केका युवाहरूसँग अन्तरक्रिया कार्यक्रममा परियोजनाले प्रस्तुतीकरण गरेको हो । अभिमुखीकरण कार्यक्रममा वैदेशिक रोजगारीको क्रममा दक्षिण कोरिया, मलेसिया, साउदी अरेबिया, कतार लगायतका देशहरूबाट फर्केका युवाहरूको उपस्थिति रहेको थियो । नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाका सुदूरपश्चिम प्रदेशका प्राविधिक संयोजक श्री डिल्लिराज भट्टले राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली र पूर्व सिकाइको मान्यता विधि तथा त्यसको फाइदाबारे प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुतीकरण पश्चात् सहभागीहरूले विशेषतः पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षण सम्बन्धमा विभिन्न जिज्ञासाहरू राखेका थिए ।

प्रस्तुतीकरण पश्चातको खुला बहसमा सहभागीहरूले आफूले वैदेशिक रोजगारीको सिलसिलामा सीप र प्रमाण-पत्र नभएर काम गर्दा भोगेको दुख र पीडा सुनाएका थिए । सहभागीहरूले सीप भएर पनि मान्यता प्राप्त प्रमाणपत्र नभएका कारण कम पारिश्रमिक पाउनु परेको, सीप अनुसारको काम नपाएको गुनासो व्यक्त गरेका थिए । पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षणबारे जानकारी पाएपछि विदेशमा बसेर काम गरेर सीपयुक्त भएका युवाहरूका लागि सीप प्रमाण-पत्र प्राप्त गर्न कोशे ढुंगा साबित हुने कुरा सहभागीहरूले बताए । वैदेशिक रोजगारीलाई थप मर्यादित र सम्मानित बनाउनका लागि साथमा सीप र हातमा प्रमाण-पत्र अनिवार्य गर्नु पर्ने कुरा करिब दश वर्ष दक्षिण कोरियामा बसेर हाल स्थानीय बजारमा विभिन्न व्यवसाय गर्दै आउनु भएका धर्मराज जोशीले बताए ।

पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षणले हातमा सीप र कामको अनुभव भएर पनि त्यसको प्रमाणीकरण भएको छैन भने आफ्नो सीपको प्रमाण-पत्र पाउन मद्दत गर्दछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, राष्ट्रिय सीप परीक्षण समितिले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको सहयोग तथा सामाजिक विकास मन्त्रालयको सहकार्यमा रोजगारीको सिलसिलामा स्वदेश वा विदेशमा उद्योग, कलकारखाना, निर्माण कम्पनीमा सीपसँग सम्बन्धित काम गरी अनुभव प्राप्त गरेका व्यक्तिहरूलाई लक्षित गरी पूर्व सिकाइको मान्यता विधिबाट प्रदेशहरूमा विभिन्न पेशामा सीप परीक्षण गर्ने कार्यक्रम शुरु गरेको छ ।



## Green Transition in TVET for Sustainable Development विषयक कार्यशाला सम्पन्न

अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाले आयोजना गरेको २ दिने Policy Dialogue and Workshop on Green Transition in Technical and Vocational Education and Training (G–TVET) for Environment Sustainability विषयक कार्यक्रम मिति २०८० जेठ १७ र १८ गते सञ्चालन भएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै अन्तराष्ट्रिय श्रम संगठन, नेपाल कार्यालयका Office–in–Charge Mr. André Bongestabs ले दिगो विकासका लक्ष्य हासिल गर्न हरितमैत्री प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको महत्वपूर्ण भूमिका हुने बताउनु भयो । वहाँले हरित प्रविधिको उपयोगले वातावरण संरक्षणमा ठुलो टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा अन्तराष्ट्रिय श्रम संगठनको मुख्यालय, स्वीट्जरल्याण्डमा कार्यरत सीप र रोजगारीका वरिष्ठ विशेषज्ञ Ms. Olga Strietska–Ilina तथा सोही संस्थाको एशिया तथा प्रशान्त क्षेत्रको क्षेत्रीय कार्यालय, बैङ्कक, थाइल्याण्डमा कार्यरत प्राविधिक विशेषज्ञ Mr. Eric Roeder लगायत विशेषज्ञहरूले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा हरित प्रविधिको प्रयोग सम्बन्धमा छलफल सञ्चालन गर्नु भएको थियो । उक्त कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत विभिन्न महाशाखा, कार्यालय तथा शिक्षालयमा कार्यरत अधिकृत स्तरका कर्मचारीहरू, विभिन्न मन्त्रालयका कर्मचारीहरू, रोजगारदाताहरू र अन्य विकास साझेदार संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



# क्वालिटी परियोजना

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच दुई पक्षीय सम्झौता भए अनुसार Quality Technical and Vocational Education and Training for Youth (QualiTY) परियोजनाको पहिलो चरण २०२२ देखि २०२६ कार्यान्वयनमा रहेको छ । क्वालिटी परियोजनाको मुख्य लक्ष्य "नेपाली युवाहरू विशेष गरी सुविधा विहीन समूहका युवाहरू गुणस्तरीय प्राविधिक शिक्षा र त्यसबाट सिर्जना हुने रोजगारीबाट लाभान्वित हुनेछन्" भन्ने रहेको छ । परियोजनाको पहिलो चरणमा सातवटै प्रदेशका कम्तीमा २५% स्थानीय सरकारहरूमा परियोजनाको कार्यक्रम लागू हुने छ । परियोजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूको लागि स्तर निर्धारणका मापदण्डहरू तयार गरी लागू गर्न सहयोग गर्ने उद्देश्य लिएको छ । उक्त मापदण्ड अनुसार जम्मा २५० वटा शिक्षण संस्थाहरू स्तरीकरण गरिने छन् र स्तर निर्धारण गरिएका शिक्षण संस्थाहरूबाट ४८,००० युवाहरू सफलतापूर्वक दीक्षित हुनेछन् । यस्तै यस परियोजनाले प्राविधिक प्रशिक्षकहरूको अनुमति-पत्रका लागि मापदण्ड तयार गरी लागू गर्न सहयोग पुऱ्याउने छ र पहिलो चरणमा जम्मा १,१०० जनाले प्रशिक्षक प्रशिक्षण प्राप्त गर्नेछन् भने जम्मा १,००० जना प्रशिक्षकहरू (५०० सुविधा विहीन र ३०० महिला सहित) ले प्रशिक्षण अनुमति-पत्र प्राप्त गरेका हुने छन् । त्यस्तै यस परियोजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका पाठ्यक्रमको राष्ट्रिय प्रारुप विकास गर्नकालागि समेत सहयोग पुऱ्याउने छ ।

## परियोजनाबाट हालसम्म सम्पन्न गरिएका क्रियाकलाप तथा गतिविधिहरू

१. **सातवटै प्रदेशहरूमा कार्यक्रम बिस्तार तथा समिति गठनः** नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार सातवटै प्रदेशहरूमा परियोजनाका कार्यक्रमहरू बिस्तार गर्न परियोजना निर्देशन समिति, परियोजना कार्यान्वयन तथा समन्वय समितिहरूको गठन गरिसकिएको छ । यस्तैगरी सातवटै प्रदेशहरूमा परियोजना कार्यान्वयन र समन्वय एकाई र परियोजना सहयोग एकाईहरूको स्थापना गरिसकिएको छ ।

२. **वार्षिक बजेट तथा कार्यक्रम निर्माणः** परियोजना दस्तावेज अनुसार संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको आधारमा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गरिने कार्यक्रम तथा बजेट निर्माण गरी PLMBIS मा राखिएको छ ।

३. **सरोकारवालाहरूलाई परियोजना सम्बन्धी अभिमुखीकरणः** क्वालिटी परियोजना, यसका कार्यक्रम तथा गतिविधिहरू र सरोकारवालाहरूको भूमिका सम्बन्धमा सबै प्रदेशहरूमा सरोकारवालाहरूसँग पहिलो अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । परियोजनासँग सम्बन्धित विषयहरूमा संघ तथा प्रदेश तहमा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरी पृष्ठपोषण तथा सुझावहरू संकलन गरिएको छ ।

४. **परियोजनामा उल्लेखित मुख्य विषयहरूमा प्रारम्भिक कार्यको थालनीः** यस परियोजनाले गर्नु पर्ने मुख्य कार्यहरू जस्तै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरूको स्तर निर्धारणका मापदण्डहरू निर्माण, प्राविधिक प्रशिक्षकहरूको प्रशिक्षण अनुमति-पत्रको मापदण्ड र राष्ट्रिय पाठयक्रमको प्रारुप सम्बन्धी हालसम्म भएका कार्यहरूको समालोचनासहित थप कार्यहरू अगाडि बढाइएको छ ।

५. **मापदण्ड तयार गर्ने कार्य अगाडि बढाइएकोः** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरूको स्तर निर्धारणका मापदण्डहरू पुनरावलोकन तथा निर्माण, प्राविधिक प्रशिक्षकहरूको प्रशिक्षण अनुमति-पत्रको मापदण्ड निर्माण गर्ने कार्य अगाडि बढाइएको छ ।

६. **शिक्षण-संस्थाहरूका साथै सरोकारवालाहरूको नक्साङ्कनः** सातवटै प्रदेश तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण-संस्थाहरू साथै TVET सरोकारवालाहरूको नक्साङ्कन गर्ने कार्य अगाडि बढाइएको छ ।

## प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय पाठ्यक्रम प्रारुप सम्बन्धी कार्यशाला सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र युवाहरूकालागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजनाको संयुक्त आयोजनामा २०८० असार १८ गते "प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय पाठ्यक्रम प्रारुपः वर्तमान अवस्था र भावी कार्यदिशा" विषयक अन्तरक्रिया कार्यक्रम काठमाण्डौमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा पाठ्यक्रम प्रारुपसँग सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यासहरू, अवसर तथा चुनौतीहरू, आगामी कार्यदिशा लगायत विविध विषयमा विभिन्न विज्ञहरूले कार्य-पत्र प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा परिषद्का उपाध्यक्ष तथा कार्यक्रमका अध्यक्ष श्री खगेन्द्रप्रसाद अधिकारीले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पाठ्यक्रमको प्रारुप निर्माणमा निजी क्षेत्रका उद्योगी तथा व्यावसायी र रोजगारदाता संघ संस्थाहरूसहित सबै सरोकारवालाहरूको सहभागिता महत्वपूर्ण रहने धारणा व्यक्त गर्नु भयो । वहाँले निजी क्षेत्रको सहभागितामा मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रले अपेक्षित उद्देश्यहरू पूरा गर्न र रोजगारी सिर्जना गर्नमा ठूलो योगदान पुऱ्याउने हुँदा पाठ्यक्रम विकास तथा कार्यान्वयनमा निजी क्षेत्रसँग सहकार्य गर्नु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रमका विशेष अतिथि परिषद्का सदस्य-सचिव श्री जीवनारायण काफ्लेले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पाठ्यक्रमको प्रारुप निर्माण सरकारको प्राथमिकतामा परेको साथै क्वालिटी परियोजनाको समेत मुख्य कार्यक्रम भित्र परेकोले एक

उच्चस्तरीय समिति बनाएर पाठ्यक्रम प्रारुप निर्माणको कार्यलाई तदारुकताकासाथ अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नु भयो । त्यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. कमलप्रसाद पोखरेलले सरकारका आवधिक योजनाहरू, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको रणनीतिक योजनाले पाठ्यक्रम प्रारुपको महत्वलाई जोड दिएको जानकारी गराउनुभयो । संघीय संरचना अनुरुप प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणालीलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न गराउनका लागि यसलाई प्राथमिकताका रूपमा लिनु पर्ने विचार वहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय लगायत अन्य विभिन्न मन्त्रालय तथा मातहत निकायका प्रतिनिधिहरू, लोक सेवा आयोग, विश्वविद्यालयका प्रतिनिधिहरू, परिषद्का निर्देशक तथा कर्मचारीहरू, विषय विज्ञहरू, स्वीस सरकार विकास नियोग तथा यस अन्तर्गतका विभिन्न परियोजनाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



# इन्स्योर परियोजना

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाको पहिलो चरणमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट २३ वटा पेशा/व्यवसायहरूमा ४,६६० जना कामदारका लागि थप तालिम (Workers Further Training) संचालन गर्न २० वटा निजी तालिम प्रदायक संस्थाहरूसँग सम्झौता भएको थियो । यसका अतिरिक्त १४ वटा पेशा/व्यवसायमा ६२० जना कामदारहरूका लागि तालिम संचालन गर्न ६ वटा परिषद् अन्तर्गत सञ्चालित आंगिक, साझेदारी र टेक्स शिक्षालय/विद्यालयहरुसँग सम्झौता भएको थियो । कामदारका लागि थप तालिम कार्यक्रम अन्तर्गत ५,१५१ जना कामदारहरूले तालिम पूरा गरेका छन् ।

इन्स्योर परियोजनाको पहिलो चरणका तालिमहरू सम्पन्न भएका छन् । प्रि-डिप्लोमा तहको २४ महिने Dual VET–Apprenticeship कार्यक्रम अन्तर्गत ५९० प्रशिक्षार्थीहरू पूरै कोर्षमा सहभागी भए । ती प्रशिक्षार्थीहरूमध्ये ५६० जना अन्तिम परीक्षामा सहभागी भए जसमध्ये २४८ जनाले अन्तिम परीक्षा उत्तीर्ण गरे । त्यसैगरी १६९६

घण्टाको व्यावसायिक तालिम (Training with OJT) लिएका प्रशिक्षार्थीहरूमध्ये ११६ जना सीप परीक्षणमा उत्तीर्ण भएका छन् ।

इन्स्योर परियोजनाको दोश्रो चरण अन्तर्गत ३ वटा प्रदेशमा Dual VET–Apprenticeship कार्यक्रममा १३३ जना र Training with OJT मा १,४६२ जना प्रशिक्षार्थीहरू भर्ना भएका छन् । त्यसैगरी ४४६ जना कामदारहरुले WFT लिएका छन् । साथै १४,०४२ जना विद्यार्थीहरूले वृत्ति मार्ग निर्देशनको सेवा पाएका छन् । जम्मा १५ वटा नगरपालिकाहरूले वृत्ति मार्ग निर्देशन तथा रोजगार मेला सम्पन्न गरेका छन् । परियोजनाका कार्यक्रममा सहभागी भएका उद्योगमा कार्यरत प्राविधिकहरूलाई इन-कम्पनी प्रशिक्षक तालिम दिइयो । परियोजना कार्यान्वयन गर्ने शिक्षालयहरूका प्रशिक्षकहरूका लागि उद्यमशीलता विकास सम्बन्धी तालिम समेत दिइएको थियो । यसैबीचमा परियोजना सहयोग इकाई - बागमती प्रदेशद्वारा २ तालिम प्रदायकहरूलाई Hospitality क्षेत्रका ५ वटा पेशामा १८० जना कामदारहरूका लागि र परियोजना सहयोग इकाई - लुम्बिनी प्रदेशद्वारा विभिन्न क्षेत्रहरूमा २६० जना कामदाहरूलाई सीप स्तरोन्नति तालिम प्रदान गर्नको लागि प्रक्रिया शुरु गरिएको छ ।

बागमती प्रदेश, कोशी प्रदेश तथा लुम्बिनी प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्सँगको सहकार्यमा Dual VET–Apprenticeship तथा Training with OJT कार्यक्रमका लागि नयाँ पेशामा पाठ्यक्रम विकास गर्न ६ वटा कार्यशाला/अन्तरक्रिया कार्यक्रम संचालन भएका छन् ।

इन्स्योर परियोजनाको आ. व. २०७९/८० को स्वीकृत कार्यक्रम तथा बजेटबाट प्रि-डिप्लोमा तहको २४ महिने Dual VET–Apprenticeship अन्तर्गत Tea Technology कार्यक्रमको पाठ्यक्रम निर्माण भएको छ । साथै Dual VET–Apprenticeship अन्तर्गत Mechanical Engineering र Electrical Engineering तथा Training with OJT अन्तर्गत Professional Welder, Professional Cook र Professional Plumber को पाठ्यक्रम परिमार्जन गरिएको छ । सीप स्तरोन्नति तालिमका लागि १८ वटा पेशा/व्यवसायका कोर्षहरु निर्माण तथा परिमार्जन भएका छन् । बुटवल टेक्निकल इन्स्टिच्युटले परियोजनाको आग्रहमा प्रि-डिप्लोमा तह अन्तर्गत Dual VET–Apprenticeship र २+२ को पाठ्यक्रम, प्रशिक्षण प्रणाली र मूल्यांकन प्रक्रियाको बारेमा सम्बद्ध सरोकारवालाहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरेको थियो ।

आ.व. २०८०/८१ मा ३ वटा प्रदेश सरकार र ३३ वटा स्थानीय निकायहरूले TVET र वृत्ति मार्ग निर्देशन सेवाका लागि बजेट विनियोजन गरेका छन् । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले धुलिखेलको शिक्षा तालिम केन्द्रमा वृत्ति मार्ग निर्देशन सेवा केन्द्र स्थापना गरेको छ । धनकुटा र बुढानीलकण्ठ नगरपालिकाले स्थानीय पाठ्यक्रममा वृत्ति मार्ग निर्देशन सामग्री समावेश गरेका छन् ।



# गोरखा बहुप्राविधिक शिक्षालय

गोरखा बहुप्राविधिक शिक्षालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सञ्चालित एउटा आङ्गिक शिक्षालय हो । यो शिक्षालय परिषद्को एउटा नमूना शिक्षालय पनि हो । यसको स्थापना वि.सं. २०७३ सालमा भएको हो । गोरखा जिल्ला, पालुङटार नगरपालिका-४ मा रहेको ऐतिहासिक लिगलिगकोटको काखमा यो शिक्षालय रहेको छ । हाल यस शिक्षालयमा डिप्लोमा इन सिभिल इर्न्जनियरिङ्ग, डिप्लोमा इन इलेक्ट्रिकल इञ्जिनियरिङ्ग र डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग कार्यक्रममा पठनपाठन भइरहेको छ । यसका अतिरिक्त विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत डिप्लोमा इन इलेक्ट्रिकल इञ्जिनियरिङ्ग र डिप्लोमा इन सिभिल इञ्जिनियरिङ्ग (स्पेसलाइजेशन इन हाइड्रोपावर इन्जिनियरिङ्ग) समेतका कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन् । यो शिक्षालयले विभिन्न विषयमा छोटो अवधिका सीपमूलक तालिम कार्यक्रमहरूको सञ्चालन तथा राष्ट्रिय सीप परीक्षण समिति अन्तर्गत विविध पेशा/व्यवसायको सीप परीक्षण सम्बन्धी कार्यहरू समेत गर्दै आएको छ ।

जम्मा १०८ रोपनी क्षेत्रफलमा रहेको यस शिक्षालयमा सुविधासम्पन्न शैक्षिक भवनहरू, ल्याब, वर्कशप, छात्रावासका साथै शिक्षण प्रशिक्षणका लागि उपयुक्त शैक्षिक वातावरण रहेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका अनुसार प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा सम्बन्धित कार्यक्रममा ४८ जना प्रशिक्षार्थीहरूले यो शिक्षालयमा अध्ययन गर्ने अवसर प्राप्त गर्दछन् । गोरखा बहुप्राविधिक शिक्षालयमा सञ्चालन गरिने कार्यक्रमहरूको कोटा विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | कोटा संख्या |
|---|---|---|
| १. | **आरक्षित कोटा** | |
| क. | द्वन्द पीडित, शहीद परिवार, जन आन्दोलनका घाइते | १ |
| ख. | महिला | १ |
| ग. | अपाङ्ग | १ |
| घ. | दलित | १ |
| ङ. | आदिवासी, जनजाति, मधेसी, मुस्लिम | १ |
| च. | दुर्गम पिछडिएको क्षेत्र | १ |
| | **जम्मा** | ६ |
| २. | **स्थानीय आरक्षण कोटा** | |
| क. | गोरखा जिल्ला भित्र | ५ |
| ख. | पालुङटार नगरपालिका भित्र | ३ |
| ग. | पालुङटार नगरपालिका भित्र कुमाल | १ |
| घ. | पालुङटार नगरपालिका भित्र दलित | १ |
| ङ. | पालुङटार खानेपानी तथा वन उपभोक्ता समिति | १ |
| | **जम्मा** | ११ |
| ३. | **छात्रवृत्ति कोटा** | |
| क. | वर्गीकृत (निःशुल्क) छात्रवृत्ति | ४ |
| ख. | जेहन्दार छात्रवृत्ति | १ |
| | **जम्मा** | ५ |
| ४. | **अन्य** | |
| क. | परिषद् कर्मचारी | १ |
| ख. | टी.एस्.एल्.सी. | ४ |
| ग. | खुल्ला | १७ |
| घ. | गोरखा जिल्ला भित्र कार्यरत कर्मचारीहरू तथा शिक्षकहरू | १ |
| ङ. | प्रायोजित | ३ |
| | **जम्मा** | २६ |
| | **कुल जम्मा** | ४८ |






# हार्दिक श्रद्धाञ्जलि



स्व. कृष्ण बहादुर के.सी.
जन्म: २०२२-१२-१४



स्व. यम प्रसाद भुर्तेल
जन्म: २०२३-०५-१८



स्व. भानु पौडेल
जन्म: २०४७-०३-२३

मिति २०८०/०२/१९ गते कार्यालयको कामले खोटाङ जाने क्रममा सिन्धुली जिल्लाको गोलान्जोर गाउँपालिका-७, लौकुन स्थित सुनकोसी नदीमा सवारी दुर्घटनामा परी परिषद् कार्यालय, प्रशासन महाशाखाका निर्देशक कृष्ण बहादुर के.सी., नीति निर्माण तथा योजना महाशाखाका निर्देशक यम प्रसाद भुर्तेल र स्तर निर्धारण महाशाखाका प्राविधिक अधिकृत ई. भानु पौडेलको निधन भएको खबरले परिषद् परिवार स्तब्ध भएका छौं । दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोक संतप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

# प्राविधिक शिक्षा तथा तालिमबाट सफल उद्यमी

मेरो नाम उमेश लाभाजु हो । मेरो घर नेपालको सुन्दर शहर पोखराको रानीपौवामा पर्दछ। वि.सं. २०६६ सालमा SLC पास गरी बसी रहेको समयमा खाली किन बस्ने भनेर घर नजिकै रहेको क्याटरिङ्गमा काम गर्ने सोच बनाएँ र काम गर्दै गएँ। त्यसै समयमा पत्रिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत पोखरा प्राविधिक शिक्षालयमा छोटो अवधिको कुकिङ्ग सम्बन्धी तालिम खुलेको सूचना देखें र पोखरा प्राविधिक शिक्षालयमा गएर बुझ्दा कुकिङ्ग विषयमा धेरै फर्म परेको हुंदा बेकरी वा वेटरमा फर्म भर्ने सल्लाह पाएँ र फर्ममा बेकरी भरेर आएँ । छनौट परीक्षामा पनि नाम निस्कियो । तालिममा जान थालें, शुरुको दिनमा नै बेकरी सम्बन्धी अति नै रुचि राखी सिक्दै गएँ। तीन महिने तालीम समाप्त भएपछि लगत्तै काम गर्ने अवसर पनि मिल्यो। अर्को तिर मैले व्यवस्थापन विषय लिएर बिहानको समयमा BBS पढ्न शुरु गरें । BBS तेश्रो वर्षमा पढ्दै थिएँ, त्यसै समयमा पोखरा प्राविधिक शिक्षालयमा डिप्लोमा इन होटल म्यानेज्मेन्ट विषयमा भर्नाका लागि सूचना निस्केको थाहा पाएँ। मलाई पनि डिप्लोमा इन होटल म्यानेज्मेन्ट पढ्ने रहर लागिरहेको थियो। फर्म भरेर परीक्षा दिएँ, नाम पनि निस्कियो र पढाइ शुरु गर्न थालें। आफूले इच्छा गरेको विषय भएर २०७५ सालमा नियमित रुपमा पास गरें। यसका साथै BBS को पढाइ पनि पूरा गरें।



पढाइ सकेपछि विभिन्न स्थानहरुमा काम गर्ने मौका मिल्दै गयो। काममा रमाउदै पैसा पनि कमाउन थालें। विस्तारै घरमा आमाले चलाई राख्नु भएको चिया पसलमा बेकरी पनि राखी चलाउने इच्छा भयो र मैले Facebook को माध्यमबाट Online Bakery (Old House Bakery ) को नाममा शुरु गरें। त्यसपछि घर वरपरका साथीभाइहरूबाट अडर लिन थालें र बाहिरबाट पनि अडर आउन थाल्यो। बेकरीको बजारमा माग हुन थालेपछि विस्तारै दिदीलाई पनि काम सिकाउँदै गएँ। हाल आएर पोखरा, रानीपौवामा Old



House Bakery नामले बेकरी सञ्चालन गरिरहेको छु । जसमा अहिले आएर ४ जना साथीहरूलाई समेत रोजगारी दिन पाएको छु । शुरुमा ४०,००० हजार लगानी गरी संचालन गरेको बेकरी पसलबाट हाल आएर मासिक ९०,००० आम्दानी गर्न सफल भएको छु ।

आफूले सिकेको ज्ञान र सीप अरूलाई बाड्न पाए हुन्थ्यो भन्ने लाग्न थाल्यो । सौभाग्यवश आफैले अध्ययन पूरा गरेको शिक्षालयमा प्रशिक्षकको रुपमा कार्य गर्न प्रस्ताव आयो । मैले उक्त प्रस्ताव सहर्ष स्वीकार गरे । तत्पश्चात् मैले पोखरा प्राविधिक शिक्षालयमा सहायक कुकिङ्ग/बेकिङ्ग प्रशिक्षक पदमा रहेर काम गर्दै आइरहेको छु । त्यस्तै गरी राष्ट्रिय सीप परीक्षण समितिले गर्दै आएको सीप परीक्षण कार्यमा समेत सम्बन्धित विषयको सीप परीक्षण मूल्याङ्कनकर्ताको रुपमा पनि काम गर्दै आएको छु । मेरो विचारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले व्यक्तिलाई आफ्नो खुट्टामा आफैं उभिन सिकाउँछ । होटल तथा पर्यटन क्षेत्रमा लगनशील भएर कार्य गर्ने हो भने देशमा मात्र नभई विदेशमा समेत राम्रो नाम र दाम कमाउन सकिन्छ भन्ने मेरो विश्वास छ ।

# हार्दिक बिदाइ तथा सुखमय जीवनको शुभकामना

## आ.व. २०७९/८० मा परिषद् सेवाबाट अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरुको नामावली

| क्र.सं. | नाम, थर | अवकाश हुँदाको पद | अवकाश मिति |
|---|---|---|---|
| १ | डा. शिव प्रसाद दाहाल | मुख्य प्रशिक्षक | २०७९-०४-१० |
| २ | श्री विष्णुहरि अधिकारी | वरिष्ठ प्रशिक्षक | २०७९-०४-१२ |
| ३ | श्री राजमान तामाङ्ग | सवारी चालक | २०७९-०४-१५ |
| ४ | श्री सैराम पूर्जा | कार्यालय सहयोगी | २०७९-०५-०३ |
| ५ | श्री पुरुषोत्तम प्रसाद सुवेदी | वरिष्ठ स्यानिटरी प्रशिक्षक | २०७९-०५-१० |
| ६ | श्री उदय प्रसाद काफ्ले | वरिष्ठ स्यानिटरी प्रशिक्षक | २०७९-०७-०१ |
| ७ | श्री सूर्यमणि शर्मा | प्राविधिक अधिकृत | २०७९-०७-०४ |
| ८ | श्री निर्मला कोइराला | लेखापाल | २०७९-०७-१३ |
| ९ | श्री शारदा प्रसाद कर्माचार्य | प्रशासकीय अधिकृत | २०७९-०८-१२ |
| १० | श्री स्वस्थानीदेवी हमाल | प्रशासकीय अधिकृत | २०७९-०८-१७ |
| ११ | श्री मिना श्रेष्ठ | प्राविधिक अधिकृत | २०७९-०९-१० |
| १२ | श्री राम कुमार अधिकारी | विद्युत सहायक प्रशिक्षक | २०७९-१०-१० |
| १३ | श्री केशर वहादुर जिरेल | विद्युत सहायक प्रशिक्षक | २०७९-१०-१५ |
| १४ | श्री परशुराम राई | वरिष्ठ प्राविधिक अधिकृत | २०७९-१२-०६ |
| १५ | श्री केवलराज पराजुली | प्रशासकीय सहायक | २०७९-१२-२० |
| १६ | श्री कपिलमुनि चौधरी | कार्यालय सहयोगी | २०८०-०१-०५ |
| १७ | श्री मंगललाल अवाले | सवारी चालक | २०८०-०१-१४ |
| १८ | श्री खिमराज गौतम | प्रशासकीय अधिकृत | २०८०-०१-२१ |
| १९ | श्री विष्णुदेव चौधरी | प्रशासकीय सहायक | २०८०-०२-०३ |
| २० | श्री मोतीमाया सुवेदी | प्राविधिक अधिकृत | २०८०-०२-०७ |
| २१ | श्री कुलराज चौधरी | निर्माण प्रशिक्षक | २०८०-०२-१९ |
| २२ | श्री धनवीर खड्का | निर्माण प्रशिक्षक | २०८०-०२-२२ |
| २३ | श्री सुरेश भैल | वरिष्ठ प्रशिक्षक | २०८०-०३-०५ |
| २४ | श्री विकास पुर्कोटी | सवारी चालक | २०८०-०३-१३ |
| २५ | श्री गोपाल नेपाली | कार्यालय सहयोगी | २०८०-०३-१६ |
| २६ | श्री धनेन्द्र प्रसाद प्याकुरेल | कुक सहायक प्रशिक्षक | २०८०-०३-२५ |
| २७ | श्री उद्धव प्रसाद घिमिरे | प्रशासकीय सहायक | २०८०-०३-२९ |

**Retirement is not the end of the road. It is the begining of the open highway.**

# फोटो फिचर


INFORMATION TECHNOLOGY BLOCK






सुम्निमा बहुप्राविधिक शिक्षालय
२०औं राष्ट्रिय धान दिवश
१५ असार, २०८०







